हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

(आ.व. २०७९/०८०) वैठक नं.

आज मिति २०८० साल जेष्ठ २२ गते सोमवारका दिन विहान ८:०० बजे हरिपुर नगर कार्यपालिकाको वाइसौं नगर कार्यपालिका वैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

## उपस्थिती

| क स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी वावु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमिन्त्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | दिवाकर भुजेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

अन्य उपस्थिति :

१. विनय पौडेल (प्रशासन अधिकृत)

२. अशोक कुमार थापा (कम्प्युटर अपरेटर)

३. अमित नारायण मिर्दाहा (कार्यालय सहयोगी)

मिति२०८०।०२।२२

# मिति २०८०/०२/२२गते बसेको नगर कार्यपालिकाको बैठकमा प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरु :

१. पूर्व निर्णयको समिक्षा सम्वन्धमा ।
२. बाह्रौ नगरसभाको वैठक सम्वन्धमा ।
३. अगामी आ.व. २०८०/०८१ को नीति, कार्यक्रम तथा बजेट तयारी सम्वन्धमा ।
४. वडा नं. १ स्थित जानकीनगर स्वास्थ्य चौकी माटो पटान सम्वन्धमा ।
५. वडा नं. ६ मा.वि. फर्निचर व्यवस्थापन सम्वन्धमा ।
६. पिडारी बजार व्यवस्थापन सम्वन्धमा ।
७. नगरपालिकाको लोगो निर्माण सम्वन्धमा ।
८. जिल्ला अदालतमा सहयोग उपलब्ध गराइदिने सम्वन्धमा ।
९. वडा नं. २ को कार्यालयको रकम भुक्तानी सम्वन्धमा ।
१०. हरिपुर खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड सञ्चालनको नियमावली, २०८० स्विकृत गर्ने सम्वन्धमा
११. विद्यालय कार्य सम्पादन निर्देशिका स्वीकृत गर्ने सम्बन्धमा ।
१२. खेलकुद सञ्चालन खर्च निर्देशिका स्वीकृत सम्वन्धमा ।
१३. आर्थिक सहायता सम्वन्धमा ।
१४. चालु आ.व.२०७९/०८० का योजना सम्झौताको म्याद सम्बन्धमा ।
१५. जनताको तटबन्ध कार्यालय भवन निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्वन्धमा ।
१६. वडा नं ४ को जे.सि.वी. को इन्धन खर्च सम्वन्धमा ।
१७. लक्षित वर्गको तालिम सम्वन्धमा ।
१८. फरहदवा अस्पतालको जग्गा सम्वन्धमा ।
१९. योजनाको स्थान परिवर्तन सम्वन्धमा ।
२०. खानेपानीको हयाण्ड पाइप जडान सहलगानी सम्वन्धमा ।
२१. ग्राभेल गर्ने सम्वन्धमा ।
२२. कलभर्ट निर्माण सम्वन्धमा ।
२३. वडा नं. २ को इन्धन खर्च सम्वन्धमा ।
२४. वडा नं. २ सानो जगतपुरको खानेपानी सम्वन्धमा ।
२५. वडा नं २ को सडक ढलान सम्वन्धमा ।
२६. विविध सम्वन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गर्दै उक्त निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

मिति२०८०।०२।२२

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको बाह्रौं नगरसभा मिति २०८०।०३।१० गते आइतवार विहान १० बजे देखि संचालन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको बाह्रौ नगरसभामा आ.व. २०८०।०८१ को नीति तथा कार्यक्रम बजेट पेश गर्नको लागिआगामी आ.व. २०८०।०८१ को लागि संघीय सरकार र मधेश प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण, विशेष, समपुरक र सशर्त अनुदान सहितको अन्तरसरकारी वित्तीय हस्तान्तरणको सिलिंग, राजश्व बाँडफाँड मार्फत प्राप्त हुने रकम, आन्तरिक आय, अन्य अनुदान लगायतका आय प्रक्षेपण र संवैधानिक एवं कानूनी व्यवस्था, विषयगत समितिहरु, वडा समितिहरुर नगर कार्यपालिकाको कार्यालयका विषयगत शाखा लगायतसँग सल्लाह र सुझाव लिई नीति, कार्यक्रम तथा बजेट तयारगरी नगर प्रमुखज्यूद्वारा नगरसभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

यसमा देहाय बमोजिम गर्नेः

- चालु आव को तुलनामा आगामी आ व को लागि संघीय सरकारबाट प्राप्तहुने वित्तीय समानीकरण अनुदान कटौती भएको र राजश्व बाँडफाँड वापतको रकम करिब ३० प्रतिशतले घटेर प्राप्त भएको अवस्थालाई मध्यनजर गर्दै आगामी आ. व. को लागि वडागत बजेट सिलिंग रु. ७०,००,०००।०० (सत्तरी लाख) निर्धारण गर्ने उक्त बजेटमध्ये कार्यालय सञ्चालन खर्च, विविध खर्च, मसलन्द, कार्यालय सामग्री, ईन्धन, विद्युत खर्च, मर्मत सम्भार खर्च, सञ्चार खर्च लगायत चालू खर्च तर्फ कुल वडागत बजेटको १५ प्रतिशतमा नबढ्ने गरी विनियोजन गर्नुपर्ने ।
- वडा समितिहरुबाट आफूलाई प्राप्त बजेट सिलिंग र मार्गदर्शनको परिधिभित्र रही नियमानुसार बस्ती तथा टोल तहका बैठक समेत सञ्चालन गरेर आयोजना तथा कार्यक्रम छनोट गरी २०८० असार ५ गतेभित्र नगर कार्यपालिकाको कार्यालयमा पेश गरिसक्नुपर्ने ।
- विषयगत समिति र शाखाहरुबाट आफूलाई प्राप्त बजेट सिलिंग र मार्गदर्शनको परिधिभित्र रही नियमानुसार आयोजना तथा कार्यक्रम छनोट गरी २०८० असार ५ गतेभित्र नगर कार्यपालिकाको कार्यालयमा पेश गरिसक्नुपर्ने ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. १ को जानकीनगर स्वास्थ्य चौकीमा वाल कम्पाउण्ड निर्माण ग्रामीण नारी उत्थान संघ हरिपुरले गरिएकोले वाल कम्पाउण्डको भित्र खाल्टो भएकोले माटो पुर्नको लागी १ नं. वडा कार्यकालयो प.सं. २०७९।०८०, च.नं. ९४७, मिति २०८०।०२।१९ गतेको रकम माग सम्वन्धी प्राप्त पत्रानुसार वाल कम्पाउण्ड जमिनको सतह भन्दा माथी रहेको हुँदा पानी जमेर भत्किन सकिने भएकोले उक्त कम्पाउण्डवाल भित्र माटो पटान गर्न दशौं नगरसभाको पुँजीगत खर्च शिर्षक पेज नं. ५७ मा क्र.सं. ४४ मा कार्यपालिकाको वैठकबाट खर्च हुने रकम रु. ५०,००,०००।०० विनियोजन मध्ये रकम रु. ४०,०००।०० को माटो पटान कार्य गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा हरिपुर नगरपालिका वडा नं. ६ स्थित श्री सार्वजनिक मा.वि. लक्ष्मीपुरमा अध्ययन गर्ने विद्यार्थीहरुको संख्या उच्च रहेको र विद्यालयमा विद्यार्थी संख्याको आधारमा बसाइ व्यवस्थापनको लागि आवश्यक डेस्क वेन्चको संख्या कम रहेको र सो को परिपूर्तिका लागि विद्यालयले वि.व्य.स.को निर्णय सहितको च.नं. १०२ मिति २०८०/०२/१९ गतेको पत्रबाट १०० सेट डेस्क वेन्च यस कार्यालयबाट माग

मिति२०८०।०२।२२

गरेको हुँदा उक्त विद्यालयमा अपुग रहेको डेस्क वेन्च व्यवस्थापनका लागि यस नगरपालिकाको दशौं नगरसभाद्वारा स्वीकृत नगर विकास योजनाको ब.उ.शी.नं. ८०२१९४०९१०१ दशौं नगरसभाको पुँजीगत खर्च शिर्षक पेज नं. ५७ मा क्र.सं. ४४ मा कार्यपालिकाको वैठकबाट खर्च हुने रकम रु. ५०,००,०००।०० विनियोजन मध्येबाट विद्यालयलाई डेस्क वेन्च व्यवस्थापनका लागि लागत अनुमान अनुसारको रकम रु. १,९०,०००।०० खर्च गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ९ मा बजार ब्यवस्थापन गर्ने बजारमा टहराहरु निर्माण गर्न दशौं नगरसभाको पुँजीगत खर्चको पेज नं. ५७ को क्र.सं. ४२ मा रकम रु. ७०००००।०० विनियोजन भएको रकमबाट वडा नं. ९ पिडारीको बजारमा माटो पुर्ने घर टहरा निर्माण गरी ब्यवस्थापन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिकामा लोगो आवश्यक भएकोले यस नगरपालिका अन्तर्गत लोगो निर्माणको लागि आवश्यक प्रतियोगिता संचालन गरी सो प्रतियोगितामा उतकृष्ट लोगो पेश गर्नेलाई पुरस्कारको ब्यवस्था यस नगरपालिकाको दशौं नगरसभाको पेज नं. ५४ मा कार्यपालिकाको वैठकबाट खर्च हुने रकम रु. २२०००००।०० विनियोजन मध्ये रकम रु. ५०,०००।०० खर्च हुने गरी प्रतियोगिता संचालन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ८ माथि छलफल गर्दा सर्लाही जिल्ला अदालतको च.नं. ८९६०, मिति २०७९।०९।२४ गतेको सहयोग उपलब्ध गराइदिने सम्वन्धको प्राप्त पत्रानुसार सर्लाही जिल्ला अदालतबाट हुने न्यायीक कार्यलाई सहज र थप प्रभावकारी बनाउने प्रयोजनका लागि अदालतलाई देहाय अनुसारको समान यस नगरपालिकाको आव २०७९/०८० को दशौं नगरसभा र एघारौं नगर सभाको चालुगत खर्च शिर्षकको राजश्व बाँडफाड प्रदेश सरकारको साझेदारी निकाय सहयोगमा शिर्षक नं. २७२१९ मा ३०००००।०० विनियोजन रकमबाट खर्च हुने गरी एक सेट डेसकटप र प्रिन्टर उपलब्ध गराउने निर्णय गरियो ।

देहाय

१. डेस्कटप -१ थान

२. प्रिन्टर – १ थान

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत २ नं. वडा कार्यालय भाडामा लिइ संचालनमा रहेकोले उक्त वडाको कोठा ब्यवस्थित नभएको हुँदा कोठामा कार्पेट विछाइएको हुँदा विल बमोजिमको रकम यस नगरपालिकाको आव २०७९/०८० को दशौं नगरसभाको पेज नं. ५४ मा कार्यपालिकाको वैठकबाट खर्च हुने रकम रु. २२०००००।०० विनियोजन रकम मध्ये रकम रु २७०९१।७५ शंकर ट्रडर्स हरिपुरलाई भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १० माथि छलफल गर्दा हरिपुर खानेपानी तथा सरसफाई ब्यवस्थापन बोर्ड सञ्चालनको नियमावली, २०८० लाई स्विकृत गर्ने निर्णय गरियो ।

मिति२०८०।०२।२२

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रभिका सम्पुर्ण सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर वृद्धि गरी उत्कृष्ट शिक्षण सिकाइ उपलब्धि हासिल गर्न र विद्यालयका प्रधानाध्यापक, शिक्षक र कर्मचारीहरुलाइ जिम्मेवार बनाइ शैक्षिक गतिविधिहरु सञ्चालन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ को खण्ड 'ज' मा उल्लेख भए अनुसार आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी अधिकारहरुको कार्यान्वयन र विद्यालयहरुको सञ्चालन, व्यवस्थापन र नियमन गरी शैक्षिक गुणस्तरमा सुधार ल्याउन नगर शिक्षा समितिले मिति २०८०/०२/०१ गतेको बैठकबाट स्वीकृतिको लागि सिफारिस गरेको विद्यालय कार्यसम्पादन निर्देशिका, २०८० लाई स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १२ माथि छलफल गर्दा हरिपुर नगर भित्र खेलकुद सम्वन्धी विविध गतिविधिलाई सञ्चालन, रेखदेख, व्यवस्थापन, खेलकुद सम्वन्धि पूर्वाधार निर्माण, खेलकुद मार्फत स्वास्थ्य जीवन एवं मनोरञ्जन प्रदान गर्ने, खेलाडीहरूको व्यवसायिक हकहित संरक्षण गर्ने जस्ता कार्य सञ्चालन गर्दा खेलकुदको कार्य प्रकृतिका आधारमा रेफ्री, सहायक रेफ्री, स्वयम् सेवक,प्राविधिक, कार्यक्रम संयोजक, खेलाडीको यातायात खर्चका लागि तयार भएको खेलकुद सञ्चालन खर्च निर्देशिका, २०८० लाई स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस नगरपालिकाका देहायका व्यक्तिहरु तथा संस्थाहरुलाई देहाय अनुसारको रकम आर्थिक सहायता दिने निर्णय गरियो:

| क्र.सं. | आर्थिकसहायतालिनेव्यक्तीकोनामथर | ठेगाना | रकमरु | कारण | शिर्षक |
|---|---|---|---|---|---|
| १ | श्रीमति चन्द्रकला कुमारी | हरिपुर-१, सर्लाही | १००००।०० | आगलागी भई कुखराको चल्लाहरु मरेको | आर्थिक सहायता शिर्षक |
| २ | श्रीमती सुनिता कुमारी देवी | हरिपुर-१, सर्लाही | १००००।०० | मुटु सम्वन्धी रोग | |
| ३ | श्री विजय कुमार साह | हरिपुर-९, | १००००।०० | हावाहुरीले घरवास नै उडाएको | |
| ४ | श्री पंचलाल सिंह | हरिपुर-७, सर्लाही | १००००।०० | छाती फोक्सोमा पानी जमेको | |
| ५ | श्री मनोज कुमार चौधरी | हरिपुर-७, सर्लाही | १००००।०० | टाउकोमा गहिरो चोट | |
| ६ | अखिल नेपाल किसान महासंघ | हरिपुर | १००००।०० | महासंघको सातौं अधिवेशन | अन्य सामाजिक सहायता |

प्रस्ताव नं. १४ माथि छलफल गर्दा चालु आ.व.२०७९/०८० मा कार्यान्वयन हुने गरी स्वीकृत सम्पूर्ण योजना तथा कार्यक्रमहरुको सम्झौता जेठ मसान्तभित्र गरिसक्नुपर्ने र तत्पश्चात कुनै पनि योजना सम्झौता नगरिने निर्णय गरियो

मिति२०८०।०२।२२

प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत हरिपुरमा जनताको तटबन्ध कार्यालयको भवन निर्माणको लागि यस नगरपालिकाको वडा नं. २ हात्तीसारमा ३ कठ्ठा जग्गा उपलब्ध गराउने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस हरिपुर नगरपालिका वडा नं. ४ हरैयामा सार्वजनिक डिहवारनी पोखरीको डिल मर्मत गर्न यस कार्यालयको जे.सि.वी प्रयोग गर्नु पर्ने भएको हुँदा उक्त जे.सि.वी. मा लाग्ने इन्धन खर्च लागत अनुसार रकम रु. ३५,४००।०० यस नगरपालिकाको आव २०७९/०८० को दशौं नगरसभाको पेज नं. ५४ मा कार्यपालिकाको बैठकबाट खर्च हुने रकम रु. २२,००,०००।०० विनियोजन रकम मध्येबाट रकम रु. ३५,४००।०० यस खर्च गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १७ माथि छलफल गर्दायस नगरपालिकामा लक्षित वर्ग दलित/पिछडा समुदायको उत्थानको लागि तालिम प्रवर्द्धनमा विभिन्न लक्षित वर्ग प्रवर्द्धन कार्यक्रम (हरिपुर पुँजीगत ८०२१९४०९००१) खर्च शिर्षक नं. ३११३२ मा १०,००,०००।०० विनियोजन भएको रकम मध्ये देहाय अनुसारको कार्यक्रममा देहाय बमोजिमको रकम खर्च गरी कार्यक्रममा संचालन गर्ने निर्णय गरियो ।

देहाय

१. दलित/पिछडा वर्ग समुदायको लागि घरेलु व्यवसाय प्रवर्द्धन कार्यक्रम (५०००००।००)

२. लागुऔषद सम्वन्धी सचेतना तालिम (२०००००।००)

प्रस्ताव नं. १८ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ३ फरहदवाको १५ शैया अस्पताल निर्माणको लागि जग्गा रजिष्ट्रेशन गर्नको लागि खर्च रकम रु. ५७,८००।०० फरहदवा स्वास्थ्य चौकी इन्चार्ज श्री रसीलाल राय यादवलाई आ.व २०७९।०८० को एघारौ नगरसभाको चालु क्र.सं. ४४ मा अन्य कार्यालय संचाल खर्च शिर्षक नं. २२३१९ मा विनियोजित रकम रु. २,००,०००।०० बाट रकम रु. ५७,८००।०० भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १९ माथि छलफल गर्दा यस नगरपालिकाकाको आ.व. २०७९।०८० को वडा नं. ७ को वडा स्तरीय योजना दुखाको घर पुर्व देखि मेनबाटो प्रमोदको घर सम्म नाला मर्मत तथा पानी निकास योजनाको लागि खर्च शिर्षक नं. ३११५९ मा रु. ५,००,०००।०० विनियोजित भएको रकममा साविक देखि नाला निर्माण भएको र नालाको पानीको निकास पश्चिम तर्फ नभएको र नालाको पानी मेन पिच सडकमा जम्मा भई आवत जावतमा कठिन भएकोले यस नगरपालिकाको प्राविधिक टोलीबाट नाप जाँच गर्दा दुखाको घर पश्चिम र दक्षिण सम्म नाला मर्मत तथा पानी निकास योजना खर्च शिर्षक नं. ३११५९ मा रु. ५,००,०००।०० विनियोजित भएको रकमबाट निर्माण गर्ने निर्णय गरियो ।

मिति२०८०।०२।२२

प्रस्ताव नं. २० माथि छलफल गर्दा यस नगरपालिका २०७९।०८० मा दशौं नगरसभा र एघारौ नगरसभाबाट खानेपानीको हयाण्ड पाइप जडानको लागि विनियोजित रकमबाट कार्य गर्न सार्वजनिक ठाउँमा हयाण्डपाइप जडान गरेमा सहलगानी गर्नु नपर्ने तथा गरिव तथा विपन्न र पिछाडी परेका वर्ग वा समुदाय तथा दलित, अपांग परिवारका व्यक्तिहरुको घरमा हयाण्डपाइप जडान गर्न वडा समितिबाट छनौट भएका व्यक्ति वा परिवारलाई कुल रकमको २० प्रतिशत लाभग्राहीबाट असुल गरी र बाँकी रकम लागत सहभागिताको रकम उपभोक्ता समितिले व्यहोर्नु पर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २१ माथि छलफल गर्दा यस नगरपालिकाको एघारौ नगरसभामा क्र.सं. २२ मा आवश्यकता अनुसार वडा नं. २ र ३ मा सडक ग्राभेल कार्य खर्च शिर्षक नं. ३११५१ मा रकम रु. ५०००००।०० विनियोजित रकम मध्यबाट वडा नं. २ सखुवा फेकु कामीको घर देखि वनको छेउ सम्म सडक ग्राभेलको लागि रकम रु. ३०००००।०० विनियोजन र वडा नं. ३ दिपेन्द्र महतोको घर देखि शिव मन्दिर खोला सम्म र खुर्सेदको घर दिख शाह महम्दको घर हुँदै महेन्द्रको घर सम्म सडक ग्राभले रकम रु. २०००००।०० विनियोजन गरी कार्य गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २२ माथि छलफल गर्दा यस नगरपालिकामा आ.व. २०७९।०८० मा चिताइन जाने सडकको कालोपत्रे ठेक्का लगाउँदा घटाघटबाट बचेको रकमको सोही सडकमा कोटेशन विधिबाट कलभर्ट निर्माण तथा अन्य आवश्यक कार्यहरु गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २३ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. २ को बजार व्यवस्थापनको लागि यस नगरपालिका कार्यालयको जे.सि.वी २० घण्टा प्रयोग भएको हुँदा उक्त जे.सि.वी. मा भएको इन्धन खर्च रकम रु. २४,७१०।०० यस नगरपालिकाको आव २०७९/०८० को दशौं नगरसभाको पेज नं. ५४ मा कार्यपालिकाको वैठकबाट खर्च हुने रकम रु. २२,००,०००।०० विनियोजन रकम मध्येबाट रकम रु. २४,७१०।०० यस कार्यालयको जे.सि.वी. चालक श्री जितेन्द्र चौधरीलाई भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २४ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. २ सानो जगतपुर खानेपानी टंयाकी निर्माण भएको स्थलमा वाल कम्पाउण्ड निर्माण गर्न अति आवश्यक भएकोले यस नगरपालिकाको आ.व. २०७९।०८० को दशौं नगरसभाको पुँजीगत खर्चको पेज नं. ५७ को क्र.सं. ४६ मा विभिन्न योजनागत लागत सहभागीतामा खर्च शिर्षक नं. ३११५९ मा रकम रु. १,५०,००,०००।०० विनियोजन भएको रकम मध्येबाट रकम रु. ५,००,०००।०० सानो जगतपुर खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई वाल कम्पाउण्ड निर्माण गर्न खर्च गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २५ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. २ खोलापारी कल्यान बहादुर खडकाको घर देखि पश्चिम किरन नेपालीको घर सम्म सडक ढलान ५० मिटर गर्न लागत अनुमान अनुसारको रकम रु २,७०,०००।०० यस नगरपालिकाको दशौं नगरसभाद्वारा स्वीकृत नगर विकास योजनाको ब.उ.शी.नं. ८०२११४०९१०१ दशौं नगरसभाको पुंजीगत खर्च शिर्षक पेज नं. ५७ मा क्र.सं. ४४ मा कार्यपालिकाको वैठकबाट खर्च हुने रकम रु. ५०,००,०००।०० विनियोजन मध्येबाट उक्त सडक ढलान गर्न रकम रु २,७०,०००।०० खर्च गर्ने निर्णय गरियो ।